# खप्तड छेडेदह गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## डोगडी बाजुरा
## सुदुरपश्चिम प्रदेश नेपाल

पत्र संख्या : २०८२।०८३
चलानी नं : ३८६

मितिः २०८२।०८।२९

विषय : कर्मचारी हाजिरी सम्बन्धमा ।

श्री वडा सचिव ज्यू/इन्चार्ज ज्यू
वडा कार्यालय/स्वास्थ्य सँस्था सबै
खप्तड छेडेदह गाउँपालिका,बाजुरा ।

उपरोक्त सम्बन्धमा तहाँ वडा कार्यालय तथा स्वास्थ्य चौकीमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको मासिक तलव भत्ता भुक्तानी हाजिरी प्रमाणित कागजातको आधारमा हुने भएकोले सम्पूर्ण कर्मचारीहरुको मासिक रुपमा हाजिरी प्रमाणित गरि यथाशिघ्र यस कार्यालयमा पठाउन हुन जानकारी गरिन्छ साथै कर्मचारीको हाजिरी,काज तथा विदा स्वीकृती सम्बन्धमा देहाय बमोजिम गर्न गराउन हुन निर्देशानुसार अनुरोध छ ।

१) वडा कार्यालय तथा स्वास्थ्य चौकीमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको वडा सचिव/इन्चार्जले मासिक रुपमा हाजिरी प्रमाणित गरि यथाशिघ्र यस कार्यालयमा पठाउने र सोहि आधारमा मात्र यस कार्यालयबाट तलव भत्ता भुक्तानी हुनेछ ।

२) कर्मचारीलाई काजमा खटाउँदा तथा विदा स्वीकृत गर्दा गाउँपालिकाको कार्यालयबाट मात्र गर्ने गराउने व्यवस्था गर्ने ।

३) मासिक रुपमा विदाको अभिलेख राखि वार्षिक रुपमा यस कार्यालयमा पठाउने व्यवस्था गर्ने ।

४) दैनिक हाजिरी चेकजाँच गरि विदा स्वीकृत नगरि तथा कार्यालयलाई जानकारी नगराई अनुपस्थित हुने कर्मचारीहरुको गयल कट्टी गरि सोको जानकारी यस कार्यालयमा गर्ने ।

५) कार्यालयमा नियमित उपस्थित नहुने तथा विना जानकारी र विदा स्वीकृत नगरि अनुपस्थित हुने कर्मचारीको हकमा हाजिरी गर्न लगाउने तथा हाजिरी प्रमाणित गरेको गुनासो प्राप्त भएमा वा त्यस्तो कार्य गरेको पाइएमा सोको सम्पूर्ण जिम्मेवार सम्बन्धित वडा सचिव तथा स्वास्थ्य सँस्था प्रमुख हुने र निजलाई नियमानुसार कारवाही गरिनेछ ।

६) कार्यालयबाट हुने सेवा प्रवाह तथा अन्य सबै विषयमा सम्बन्धित कार्यालय प्रमुख नै जिम्मेवार हुने हुँदा जिम्मेवारीपुर्वक कार्यालय सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने ।

कृष्ण राज जोशी
नि.प्रमुख प्रशासकीय अधिकृत